# प्रदेश आर्थिक बुलेटिन

बर्ष २, अंक २ भदौ, २०८३



## सम्पादकीय

गण्डकी प्रदेशको समग्र आय-व्यय र अन्य आर्थिक गतिविधिका बारेमा सरोकारवाला सबैलाई जानकारी दिने उद्देश्यले २०८२ साउन महिनादेखि मासिक रुपमा आर्थिक बुलेटिन प्रकाशन गर्न थालनी भएको थियो। चालु आर्थिक वर्ष २०८३/८४ को भदौ महिनासम्मको आय-व्ययको विवरण समावेश गरी यो अङ्कको आर्थिक बुलेटिन प्रकाशन गरिएको छ।

चालु आर्थिक वर्ष २०८३/८४ को भदौ महिनासम्म प्रदेशको राजस्व सङ्कलन लक्ष्यमा ३.५१ र खर्च १.७१ प्रतिशत रहेको छ।

**<u>प्रकाशन तथा सम्पादन</u>**

**वित्त व्यवस्थापन तथा आर्थिक विश्लेषण महाशाखा**

## प्रदेश सरकारको आम्दानीः

गण्डकी प्रदेश सरकारको आ.व. २०८३/८४ र आ.व. २०८२/८३ को आम्दानीको तुलनात्मक विवरण अनुसार आ.व. २०८३/८४ मा आन्तरिक आम्दानी तथा नेपाल सरकारबाट प्राप्त राजस्वमा वृद्धि भएको देखिन्छ। आन्तरिक आम्दानीतर्फ आ.व. २०८३/८४ को वार्षिक लक्ष्य रु. ५ अर्ब ८४ करोड १८ लाख ५२ हजार रहेकोमा यस अवधिसम्म रु. ३६ करोड १३ लाख ८५ हजार प्राप्त भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा रु. २९ करोड १० लाख ४२ हजार प्राप्त भएकोमा चालु आर्थिक वर्षमा रु. ७ करोड ३ लाख ४४ हजारले वृद्धि भएको छ।आम्दानीको लक्ष्य प्राप्ति प्रतिशत समेत गत आर्थिक वर्षको ५.०८ प्रतिशतबाट बढेर ६.१९ प्रतिशत पुगेको छ।

त्यसैगरी, नेपाल सरकारबाट प्राप्त राजस्वतर्फ आ.व. २०८३/८४ मा रु. ७९ करोड ८६ लाख ९ हजार प्राप्त भएको छ, जुन गत आर्थिक वर्षको सोही अवधिको रु. ६९ करोड ५१ लाख ६७ हजारको तुलनामा रु. १० करोड ३४ लाख ४० हजारले बढी हो।

चालु आ.व. २०८३/८४ को यस अवधिमा नेपाल सरकारबाट प्राप्त हुने अनुदान र रोयल्टी प्राप्त भएको छैन। गत आर्थिक वर्षको सोही अवधिमा नेपाल सरकारबाट रु. २ अर्ब ६० करोड ५८ लाख २१ हजार अनुदान प्राप्त भएको थियो। यस कारण चालु आर्थिक वर्षमा अनुदान प्राप्तिमा कमी देखिएको छ, जसले समग्र आम्दानीको वृद्धिमा प्रभाव पारेको छ।

समग्रमा, चालु आ.व. २०८३/८४ को यस अवधिसम्म जम्मा प्राप्ति रु. १ अर्ब १५ करोड ९९ लाख २२ हजार रहेको छ भने गत आर्थिक वर्षको सोही अवधिमा रु. ३ अर्ब ५९ करोड २० लाख ३१ हजार प्राप्ति भएको थियो। यसअनुसार चालु आर्थिक वर्षको जम्मा आम्दानी गत वर्षको तुलनामा रु. २ अर्ब ४३ करोड २० लाख ३८ हजारले कमी भएको छ। कुल आम्दानीको लक्ष्य प्राप्ति प्रतिशत समेत गत आर्थिक वर्षको ११.२३ प्रतिशतबाट घटेर ३.५२ प्रतिशतमा सीमित भएको छ।

**तालिका १: दुई आर्थिक वर्षको भदौ महिनासम्म राजस्व प्राप्तिको अवस्था (रु. करोडमा)**

| विवरण | आ. ब. २०८३/८४ | | आ.व. २०८२/८३ | |
|---|---|---|---|---|
| | वार्षिक लक्ष्य | प्राप्ति | वार्षिक लक्ष | प्राप्ति |
| आन्तरिक आम्दानी | ५८४.१९ | ३६.१४ | ५७३.४४ | २९.१० |
| नेपाल सरकारबाट प्राप्त अनुदान | १२७२.८५ | ०.०० | १२२३.३६ | २६०.५८ |
| नेपाल सरकारबाट प्राप्त रोयल्टी | ५१.४८ | ०.०० | २२.४० | ०.०० |
| नेपाल सरकारबाट प्राप्त राजश्व | १०१६.४७ | ७९.८६ | ९७९.२९ | ६९.५२ |
| आन्तरिक ऋण | १७५.०० | ०.०० | १७५.०० | ०.०० |
| गत वर्षको नगत मौज्दात | २००.०० | ०.०० | २२४.५१ | ०.०० |
| जम्मा प्राप्ति | ३२९९.९९ | ११६.०० | ३१९८.०० | ३५९.२० |

स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, गण्डकी प्रदेश

**प्रदेश सरकारको खर्चः**

१. आर्थिक वर्ष २०८१/८२, २०८२/८३ र २०८३/८४ को भदौ महिनासम्मको खर्च तुलना गर्दा आर्थिक वर्ष २०८१/८२ मा चालु खर्च रु. ३१ करोड ८५ लाख ३८ हजार र पुँजीगत खर्च रु. ६२ करोड ८४ लाख ८१ हजार रहेकोमा आर्थिक वर्ष २०८२/८३ मा चालु खर्च रु. ३३ करोड ४० लाख २२ हजार र पुँजीगत खर्च रु. ५५ करोड ८० लाख २० हजार रहेको देखिन्छ। यसैगरी, आर्थिक वर्ष २०८३ / ८४ मा चालु खर्च रु. ३३ करोड ७९ लाख ६९ हजार र पुँजीगत खर्च रु. २२ करोड ८८ लाख ५३ हजार रहेको छ। अघिल्लो आर्थिक वर्षको तुलनामा चालु खर्चमा सामान्य वृद्धि भए पनि पुँजीगत खर्चमा उल्लेख्य कमी आएको देखिन्छ। वित्तीय व्यवस्थातर्फ तीनवटै आर्थिक वर्षमा खर्च शून्य रहेको छ। चालु आर्थिक वर्षको यस अवधिसम्म स्थानीय तहमा वित्तीय हस्तान्तरणतर्फ आर्थिक वर्ष २०८१/८२ मा रु. २७ करोड १३ लाख ३६ हजार, आर्थिक वर्ष २०८२/८३ मा रु. ३ करोड ७२ लाख २० हजार र आर्थिक वर्ष २०८३/८४ मा खर्च नभएको देखिन्छ। यसबाट चालु खर्चको तुलनामा पुँजीगत खर्च तथा स्थानीय तहमा हुने वित्तीय हस्तान्तरणको कार्यान्वयन प्रगति कमजोर रहेको र विकास निर्माण तथा अन्तरसरकारी वित्तीय हस्तान्तरणतर्फ बजेट कार्यान्वयनलाई थप प्रभावकारी बनाउनुपर्ने देखिन्छ।


**तालिका २: तीन आर्थिक वर्षको भदौ महिनासम्मको महिना अनुसारको वित्तिय प्रगतिको अवस्था (रु. हजारमा)**

| महिनाको | आर्थिक वर्ष | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | २०८१/८२ | | | | २०८२/८३ | | | | २०८३/८४ | | | |
| | चालु खर्च | पूँजीगत खर्च | वित्तिय | स्थानीय तह | चालु खर्च | पूँजीगत खर्च | वित्तिय | स्थानीय तह | चालु खर्च | पूँजीगत खर्च | वित्तिय | स्थानीय तह |
| श्रावण | १३६२८.०८ | ४९७९१.८३ | ०.०० | ०.०० | १४२१२.५१ | ४३३५५.३५ | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| भाद्र | ३०४९१०.६८ | ५७८६८९.८७ | ०.०० | २७१३३६.२५ | ३१९८१०.३० | ५१४६६५.४६ | ०.०० | ३७२२०.२५ | ३३७९६९.८७ | २२८८५३.४७ | ०.०० | ०.०० |
| जम्मा खर्च | ३१८५३८.७६ | ६२८४८१.७० | ०.०० | २७१३३६.२५ | ३३४०२२.८० | ५५८०२०.८१ | ०.०० | ३७२२०.२५ | ३३७९६९.८७ | २२८८५३.४७ | ०.०० | ०.०० |
| विनियोजन | १११५००६०.०० | १९५१७९९३.०० | ३००००००.०० | २०१०५२२.०० | १०६३५६१६.०० | १९०९३३२४.०० | २५०००००.०० | २००१०५९.०० | १०७२६५९१.०० | २००२६१२२.०० | २५०००००.०० | १९९७१८७.०० |
| खर्च प्रतिशत | ०.००३ | ०.००३ | ०.००० | ०.०१३ | ०.००३ | ०.००३ | ०.००० | ०.००२ | ०.००३ | ०.००१ | ०.००० | ०.००० |

स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, गण्डकी प्रदेश

२. तीन आर्थिक वर्षको भदौ महिनासम्मको खर्च तुलना गर्दा चालु खर्चतर्फ आर्थिक वर्ष २०८३/८४ मा सबैभन्दा बढी खर्च भएको छ। पुँजीगत खर्चतर्फ आर्थिक वर्ष २०८१/८२ मा सबैभन्दा बढी खर्च भएको देखिन्छ। त्यसैगरी, स्थानीय तहमा वित्तीय हस्तान्तरणतर्फ पनि आर्थिक वर्ष २०८१/८२ मा नै सबैभन्दा बढी खर्च भएको छ। वित्तीय व्यवस्थातर्फ भने तीनवटै आर्थिक वर्षमा खर्च भएको देखिँदैन।

चार्टः १ तीन आर्थिक वर्षको खर्चको अवस्था





स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, गण्डकी प्रदेश

३. जम्मा खर्चको तुलनात्मक विश्लेषण गर्दा आ.व. २०८१/८२ मा रु. ९४ करोड ७० लाख २० हजार खर्च भएकोमा आ.व. २०८२/८३ मा रु. ८९ करोड २० लाख ४३ हजार खर्च भएको देखिन्छ। यसरी अघिल्लो आर्थिक वर्षको तुलनामा आ.व. २०८२/८३ मा जम्मा खर्च रु. ५ करोड ४९ लाख ७६ हजारले घटेको छ। आ.व. २०८३/८४ मा जम्मा खर्च रु. ५६ करोड ६८ लाख २३ हजार रहेको छ, जुन आ.व. २०८२/८३ को तुलनामा रु. ३२ करोड ५२ लाख २० हजारले घटेको देखिन्छ। साथै, आ.व. २०८१/८२ को तुलनामा आ.व. २०८३/८४ को जम्मा खर्च रु. ३८ करोड १ लाख ९७ हजारले कम रहेको छ।यस अवधिमा जम्मा खर्चमा आएको कमीको प्रमुख कारण पूँजीगत खर्चमा उल्लेख्य कमी आउनु हो। चालु खर्च भने तीनै आर्थिक वर्षमा क्रमशः बढ्दै गएको देखिए पनि

पूँजीगत खर्चमा आएको ठूलो गिरावटका कारण समग्र खर्च घटेको देखिन्छ। विशेषतः आ.व. २०८३/८४ मा पूँजीगत खर्च अघिल्लो वर्षको तुलनामा निकै कम भएकाले जम्मा खर्चमा पनि उल्लेख्य संकुचन आएको छ। वित्तीय व्यवस्थातर्फ तीनै आर्थिक वर्षमा खर्च नभएको देखिन्छ।

**तालिका ३: तीन आर्थिक वर्षको भदौ महिनासम्म जम्मा खर्चको अवस्था (रु. हजारमा)**

| आ.व. | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
|---|---|---|---|
| चालु खर्च | ३१८५३८.७६ | ३३४०२२.८० | ३३७९६९.८७ |
| पूँजिगत खर्च | ६२८४८१.७० | ५५८०२०.८१ | २२८८५३.४७ |
| वित्तिय | ०.०० | ०.०० | ०.०० |
| जम्मा खर्च | ९४७०२०.४६ | ८९२०४३.६१ | ५६६८२३.३३ |
| खर्च प्रतिशत | ३.६९ | २.९१ | १.७२ |




स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, गण्डकी प्रदेश

**तालिका ४: तीन आर्थिक वर्षको भदौ महिनासम्म स्थानीय तहको खर्च (रु. हजारमा)**

| आ.ब | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
|---|---|---|---|
| स्थानीय तह | २७१३३६.२५ | ३७२२०.२५ | ०.०० |

४. स्थानीय तहतर्फको खर्चलाई तीन आर्थिक वर्षको आधारमा हेर्दा आ.व. २०८१/८२ मा रु. २७ करोड १३ लाख ३६ हजार खर्च भएको देखिन्छ। आ.व. २०८२/८३ मा स्थानीय

तहतर्फको खर्च घटेर रु. ३ करोड ७२ लाख २० हजार कायम भएको छ। यसरी अघिल्लो आर्थिक वर्षको तुलनामा खर्चमा रु. २३ करोड ४१ लाख १६ हजारले कमी आएको देखिन्छ। त्यसैगरी, आ.व. २०८३/८४ मा स्थानीय तहमा खर्च भएको रकम शून्य रहेको छ। यसले तीन आर्थिक वर्षको अवधिमा स्थानीय तहमा जाने वा स्थानीय तहसँग सम्बन्धित खर्चमा निरन्तर कमी आएको देखाउँछ। विशेषगरी २०८१/८२ को तुलनामा २०८२/८३ मा ठूलो गिरावट आएको र २०८३/८४ मा यस्तो नभएको अवस्था देखिन्छ। यसरी स्थानीय तहतर्फको खर्चको प्रवृत्ति क्रमशः घट्दो रुपमा रहेको देखिन्छ।